"कृषि, पर्यटन, पूर्वाधार र रोजगार सुन्दर रुरुक्षेत्र गाउँपालिका समृद्धिको आधार"

# रुरुक्षेत्र गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

च.नं.: ९६६३
प.सं.: ०७७/०७८

बलेटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## गाउँपालिका अध्यक्ष श्री नीलकण्ठ गौतम र प्रमुख प्रशासकीय अधिकृत श्री छत्र बहादुर अधिकारी बिच भएको कार्यसम्पादन सम्झौता

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा नियमावली २०६५ निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५०, स्थानीय सरकार संचालन ऐन, २०७४ एवं अन्य प्रचलित कानुनको अतिरिक्त तपसिल बमोजिमका प्रतिबद्दताहरु व्यक्त गर्दै रुरुक्षेत्र गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच कार्य सम्पादन सम्झौता गरिएको छ ।

**तपसिलः**

१। कार्यालयको दैनिक प्रशासन संचालन, नियमितता कायम गरी प्रभावकारी रुपमा संचालन गर्ने र आई परेका समस्याहरुको बिचमा दुई पक्षको आपसी समझदारीमा निप्टारा गर्ने ।

२ प्रमुख प्रशासकीय अधिकृतले वार्षिक नीति, कार्यक्रम र बजेटको परिधिभित्र रही प्राप्त अख्तियारीका आधारमा कार्य सम्पादन गर्ने ।

३ प्रमुख प्रशासकीय अधिकृतले नीति निर्माणमा सहयोग पुर्याउने र सम्पूर्ण कार्यक्रम कार्यान्वियन प्रभावकारी ढंगले गर्ने ।

४ चौमासिक रुपमा समिक्षा गर्ने ।

५ मासिक प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतको पहलमा सार्वजनिक गर्ने।

६ सभा र कार्यपालिकाको सचिवको रुपमा प्रमुख प्रशासकीय अधिकृतले जिम्मेवारी सम्हाल्ने ।

७ वार्षिक कार्यक्रम अनुरुप प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन कार्ययोजना बनाई सो अनुरुप कार्यान्वयन गर्ने।

८ खरिद प्रक्रियालाई पारदर्शी, मितव्ययी र प्रभावकारी बनाई वार्षिक खरिद योजना अनुरुप सम्पादन गर्ने।

९ बजेट लेखा र लेखा परिक्षण जस्ता निकायमा प्रमुख प्रशासकीय अधिकृतले विशेष ध्यान दिदै वित्तीय अनुशासन कायम गर्ने।

१० कर्मचारी प्रशासन, कर्मचारी संख्या, कर्मचारी आपूर्ति जस्ता कार्य प्रमुख प्रशासकीय अधिकृतले प्रभावकारी रुपमा सम्पादन गर्ने।

११ प्रमुख प्रशासकीय अधिकृतले वार्षिक बजेट/कार्यक्रमको समग्र प्रगति ८०% वा सो भन्दा माथि पुर्याउने र पुँजीगत खर्च ८०% प्रतिशत भन्दा माथि एवं भौतिक प्रगति १०० % भन्दा माथि पुर्याउन पहल गर्ने।

१२ अन्य नियमनकारी निकायहरु सँग प्रमुख प्रशासकीय अधिकृतले समन्वयकारी भूमिका निर्वाह गर्ने ।

१३ स्वीकृत कार्यविधि, कानुनहरु र अन्य प्रचलित कानुन अनुसार गाउँ कार्यपालिकाको कार्य सम्पादन गर्ने।

समय समयमा आउने नयाँ चुनौतीहरुको सामना र समाधान गर्ने प्रतिबद्दता सहित यो कार्य सम्पादन सम्झौता सम्पन्न गरिएको छ ।

**ईति सम्बत २०७८ जेष्ठ २१ गते बाट**

| | |
|---|---|
| पहिलो पक्ष | दोस्रो पक्ष |
| नीलकण्ठ गौतम | छत्र बहादुर अधिकरी |
| (गाउँपालिका अध्यक्ष) | (प्रमुख प्रशासकीय अधिकृत) |
| नीलकण्ठ गौतम गाउँपालिका अध्यक्ष | नि.प्रमुख प्रशासकीय अधिकृत |

फोन नं. ०७९-४१०१०४ Website: rurumun.gov.np Email: ruralruru@gmail.com

Scanned with CamScanner